**मिति २०७७/३/१० गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरू**

१. वजेट तथा कार्यक्रम नगर सभामा पेश गर्ने सम्वन्धमा ।

२. स्वास्थ्य कर्मीको सुविधा सम्वन्धमा ।

शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची ५ नं. प्रदेश नेपाल

निर्णयहरु :

निर्णय नं. १

वजेट तथा कार्यक्रम नगर सभामा पेश गर्ने सम्वन्धमा ।

शितगंगा नगरपालिकाको आ.व. २०७७ ०७८ को वजेट तथा कार्यक्रम निर्माण गर्ने सन्दर्भमा वजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको वजेट तथा कार्यक्रमलाई स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

स्वास्थ्य कर्मीको सुविधा सम्वन्धमा ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस कोभिड १९ को कारण देश भर २०७६ १२ ११ देखि लकडाउन भएको र लकडाउन अवधिभर अत्यावश्यक बाहेक सवै सेवा वन्द भएको कारण उक्त अवधिमा खटिने स्वास्थय कर्मी लगायत केही कर्मचारीहरुलाई मिति २०७६ १२ २२ को कार्यपालिको वैठकको निर्णयवाट प्रोत्साहान स्वरुप मिति २०७६ १२ ११ देखि नै भत्ता वापत केही सुविधा दिइएको थियो । हाल राज्यले मिति २०७७ ३ १ देखि लकडाउन खुलाएको भएता पनि भारत लगायत तेस्रो मुलुकवाट आएका व्यक्तिहरुको व्यावस्थापनको शिलशिलामा क्वारेन्टाइन, आइसोलेसन र केही परिक्षण गर्ने कार्य चलिरहेको अवस्थामा ती क्षेत्रमा खटिने कर्मचारीहरुलाई मात्र मिति २०७७/३/१ देखि लागू हुने गरी चालु आ.व.को अत्य सम्म देहाय बमोजिमको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

(क) क्वारेन्टाईनमा खटिने (अनकल) र स्वास्थ्य शाखामा खटिने स्वास्थ्य कर्मीहरुलाई ५० प्रतिशत

(ख) आइसोलेसन कक्ष र आरडिटी, पिसिआर परिक्षमा खरिटने स्वास्थ्य कर्मीहरुलाई ७५ प्रतिशत

(ग) नगरपालिकाले प्रयोग गरेको एम्वुलेन्स चालकलाई ७५ प्रतिशत र अन्य सवारी चालकलाई ५० प्रतिशत

**मिति २०७७/३/८ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु**

शितगंगा नगरपालिका
कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
५ नं. प्रदेश

१. कर्मचारी दरवन्दी सम्वन्धमा ।

२. नीति तथा कार्यक्रम सम्वन्धमा ।

३. आर्थिक ऐन सम्वन्धमा ।

४. विनियोजन ऐन सम्वन्धमा ।

५. सिमेन्ट उद्योगको प्रदुषण कर सम्वन्धमा ।

६. सावुन वितरणको रकम दिने सम्वन्धमा ।

७. सडकमा हेराल् व्यवस्थापन गर्ने सम्वन्धमा ।

## निर्णयहरु :

**निर्णय नं. १**

कर्मचारी दरवन्दी सम्वन्धमा ।

शितगंगा नगरपालिकाको तपशिल बमोजिमको कर्मचारी दरवन्दी स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नीति तथा कार्यक्रम सम्वन्धमा ।

शितगंगा नगरपालिकाको आर्थिक वर्ष २०७७ ०७८ को योजना कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने सन्दर्भमा मार्ग निर्देश गर्ने नीति तथा कार्यक्रम स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आर्थिक ऐन सम्वन्धमा ।

शितगंगा नगरपालिकाको आर्थिक ऐन २०७७ स्वीकृतीको लागि मिति २०७७ ३ १० गते हुने नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

विनियोजन ऐन सम्वन्धमा ।

शितगंगा नगरपालिकाको विनियोजन ऐन २०७७ स्वीकृतीको लागि मिति २०७७ ३ १० गते हुने नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

सिमेन्ट उद्योगको प्रदुषण कर सम्वन्धमा ।

यस शितगंगा नगरपालिका वडा नं. ८ तिनखण्डे क्षेत्रमा रहेको सिमेन्ट उद्योगले त्यस क्षेत्रमा वातावरणीय असर पारेकोले सो वातावणीय असरलाई कम गर्ने खालका कार्य गर्न सिमेन्ट उद्योगलाई समेत अनुरोध गर्ने

र वातावरणीय असरबाट प्रभावित मानिस तथा क्षेत्रमा सहयोग तथा कार्य गर्नको लागि उक्त सिमेन्ट उद्योगबाट रु ६५००००।- रकम वातावरणीय शुल्क वापत लिने व्यवस्थाको लागि नगरसभामा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

साबुन वितरणको रकम दिने सम्वन्धमा ।

कोभिड १९ को प्रभावलाई कम गर्न नगरपालिकाका सबै वडाहरुबाट नगरवासीलाई सचेतना जगाउदै साबुन वितरण गरेको/गरिरहेकोले सो का लागि प्रति वडा बढीमा रु ३००००।- सम्म बिल पेश गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७

सडकमा हेरालु व्यवस्थापन गर्ने सम्वन्धमा ।

यस शितगंगा नगरपालिकाका तपशिवमोजिका प्रमुख सडकहरुमा वर्षातको याममा समेत यातायात संचालन तथा बाटोको संरक्षणको लागि निम्न बमोजिमका हेरालुहरु २०७७ भाद्र मसान्त सम्म राख्ने र हेरालुलाई प्रतिदिन रु ४००।- का दरले ज्याला उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

१. हर्रे सिद्धारा प्रहरी चौकी सडक हेरालु १ जना ।
२. धानखोला करमगैरा लामिदमार सडक हेरालु १ जना ।
३. ठाडा अमराई जुकेना देउराली ऐरावती (पतञ्जली मार्ग), जलुके सडक वडा नं. ४, ५, ६, ७ मा १ १ जनाका दरले हेरालु ४ जना ।
४. भेडामारे सिमलपानी पावर विकम सडकमा भेडामारे सिमलपानी खण्डमा १ जना र सिमलपानी पावरा सडक खण्डमा २ जना गरी हेरालु ३ जना ।

**मिति २०७७/३/३ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु**

१. पर्यटन गुरुयोजनाको प्रारम्भिक प्रतिवेदन प्रस्तुती सम्वन्धमा ।

२. शितगंगा नगरपालिकाको खानेपानी नियमावली सम्वन्धमा ।

३. प्रदेसमा माग गर्ने समपुरक र विशेष अनुदान तर्फका योजना छनौट सम्वन्धमा ।

४. आगामी आ.व.को राजश्वका दर तथा संकलन सम्वन्धमा ।

५. योजना सम्फौताको समयावधी सम्वन्धमा ।

६. नमूना लाइभस्टक एण्ड एग्रीकल्चर सेन्टर वडा नं. ४ र १४

७. आगामी आ.व.को वजेट तर्जुमा गर्ने मार्गदर्शन सम्वन्धमा ।

८. आगामी आ.व.को वजेट शिलिङ्ग सम्वन्धमा ।

९. आगामी आ.व.मा कन्टिन्जेन्शी रकम कट्टा गर्ने सम्वन्धमा ।

१०. आइसोलेसन, आरडिटी र पिसिआर परिक्षण गर्दाको जोखिम भत्ता सम्वन्धमा ।

११. भारतवाट फर्किएका मानिसहरुलाई ल्याउने सवारीको भाडा निर्धारण सम्वन्धमा ।

१२. विभिन्न योजना तथा कार्यकमको लागि रकम विनियोजन गर्ने सम्वन्धमा ।

१३. प्राथमिक स्वास्थ्य केन्द्र ठाडालाई दिईएको पेश्की रकम सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

पर्यटन गुरुयोजनाको प्रारम्भिक प्रतिवेदन प्रस्तुती सम्वन्धमा ।

नगर पर्यटन गुरुयोजना निर्माण गर्ने समय सिमा दिइएको सम्वन्धमा सो समय भित्र पेश नभएपश्चात २०७६/९/५ मा ४० दिन समय थप भएको । सो समय भित्र मिति २०७६/९/२५ गते वसेको कार्यपालिकाको बैठकमा प्रस्तुती करण गर्दा "यस शितगंगा नगरपालिकाको पर्यटन क्षेत्रलाई दृष्टीगत गरी निर्माण हुन लागेको पर्यटन गुरु योजना निर्माण गर्न अक्टोगन प्रा.लि र यस कार्यालय विच भएको सम्फौता बमोजिम सो प्रा.लि.ले तयार पारेको रिपोट आजको बैठकमा प्रस्तुत भएको सो सम्वन्धमा सबै वडाहरुबाट थप सुझावहरु लिई सो लाई समेत समेटी पुन प्रस्तुतीकरण गरी अन्तिम प्रतिवेदन बनाउन ओक्तागन प्रा.लि.लाई निर्देशन दिने" भनि निर्णय भएको आधारमा उल्लेखित समय भित्र प्रारम्भिक प्रतिवेदन पेश गर्न नसकेको र मिति २०७६/१०/८ मा पुन: नगर प्रमुख स्तरीय निर्णयले २०७६/१२/३० सम्म समयावधि थप भएको । सोही थप समयभित्रै २०७६/१२/१७ मा प्रारम्भिक प्रतिवेदन सहित प्रस्तुतिकरणको लागि माग भएको र सोही समय देखि मुलुक लगडाउन भएको कारण उपयुक्त समयमा कार्यपालिकाको बैठकमा पेश गर्ने भन्ने आदेश पश्चात २०७७ आषाढ १ गते बाट लगडाउन खुलेको हुदा आजको बैठकमा प्रस्तुतीको लागि अनुमती दिईएको ।

अनुमती बमोजिम प्रारम्भिक प्रतिवेदन पेश भएकोमा प्रस्तुतिकरणको [illegible] प्राप्त [illegible] सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन १० दिन भित्र पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. २

शितगंगा नगरपालिकाको खानेपानी नियमावली सम्वन्धमा ।
शितगंगा नगरपालिकाको कार्यालयबाट तयार भई पेश भएको खानेपानी नियमावली २०७६ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रदेसमा माग गर्ने समपुरक र विशेष अनुदान तर्फका योजना छनौट सम्वन्धमा ।

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ को च.नं. ११७२ मिति २०७७ १ १० को पत्रबाट कार्यविधि बमोजिम समपुरक अनुदान र विशेष अनुदान तर्फका योजना कार्यक्रम छनौट गरी आषाढ मसान्त भित्र पठाउन भनि लेखि आएकोले निम्न बमोजिम योजना तथा कार्यक्रम छनौट गर्ने निर्णय गरियो ।

तपशिल

**समपुर अनुदान ५०/५० प्रतिशतमा संचालन हुने योजना तर्फ**

(क) चाक्ला देउराली विक्रम सडक स्तरोन्नती गर्न रु १ करोड

(ख) खरको छाना विस्तापनका लागि जस्ता पाता खरिद गर्न रु १ करोड

**विशेष अनुदानबाट संचालन हुने योजना/कार्यक्रमहरु**

(क) डमरुदह संरक्षण कार्य रु २० लाख

(ख) कृषि तथा पशु विकास सम्वन्धि कार्यक्रम रु १ करोड

(ग) वडा कार्यालय भवन निर्माण रु ५० लाख (वडा नं. २, ५, ८, ११, १२) ५ वटा

(घ) आर्मिगेट हस्पीटल सडक (नगरपालिका भवन जाने) स्तरोन्नती रु ५० लाख

निर्णय नं. ४

आगामी आ.व.को राजश्वका दर तथा संकलन सम्वन्धमा ।
स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम शितगंगा नगरपालिकाले आर्थिक वर्ष २०७८/०७८ आफ्नो क्षेत्राधिकार भित्र संकलन गर्न सक्ने कर, दस्तुर, सेवा, शुल्क समेतका विषयमा राजश्व परामर्श समितिबाट पेश भएको दररेट तथा क्षेत्रलाई केही संसोधन गरी स्वीकृतीको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

योजना सम्झौताको समयावधि सम्वन्धमा ।
पाचौ नगरसभाबाट उपभोक्ता समितिसँग सम्झौता गर्ने समय अवधि कार्तिक मसान्त सम्म तोकिएकोमा छैठौं नगरसभाबाट सो समयावधिलाई बढाई माघ मसान्त सम्म कायम गरेको अवस्थामा अधिकाश योजनाहरु तोकिएको समयावधि भित्रै सम्झौता सम्पन्न भई सकेको अवस्थामा केही योजनाहरु विवाद

नगायतका विविध कारणले रोकिएको अवस्थामा विश्वव्यापी कोरोना भाईरसका कारण लकडाउन भई सम्झौता गर्न बाँकी रहेका योजनाहरुको सम्बन्धमा २०७७ साल आषाढ १ गते सम्म सम्झौताको लागि पेश भएमा सम्झौता गराउने समयावधि वढाउने त्यसै गरी प्रकृयामा रहेका योजनाहरुको कार्यान्वयनको लागि निर्माण व्यवसायिहरुसँग हुने सम्झौताको हकमा भुक्तानी गर्न सकिने समय सिमालाई समेत आधार लिएर २०७७ आषाढ २० गते सम्म समयावधि वढाउने र दुवै समय सिमालाई अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नमूना लाइभस्टक एण्ड एग्रीकल्चर सेन्टर वडा नं. ४ र १४

यस नगरपालिकाको पाचौ नगरसभाबाट चालु आ.व.को कार्यक्रम स्वीकृत हुंदा प्रदेश सरकार सँगको समपुरक ५०/५० अनुदानमा संचालन गर्ने गरी नमुना लाइभस्टक एण्ड एग्रीकल्चर सेन्टर वडा नं. ४ र १४ भनि वजेट ५०,००,०००।- विनियोजन भएवमोजिमा तोकिएको समय भित्रै प्रदेश सरकारको समपुरक अनुदान निर्देशिकामा उल्लेखित अनुसूची भरी पठाउदा उपभोक्ताले ५० प्रतिशत लागत सहभागिताले हुने रु ५००००००।- व्यहोर्ने गरी रु १०००००००।- को कार्यक्रम प्रस्ताव गरी पठाईएवमोजिम मिति २०७६/०७/०५ मा कार्यक्रम स्वीकृत भई आएको ।

स्वीकृत कार्यक्रम वमोजिम नमुना लाइभस्टक एण्ड एग्रीकल्चर सेन्टर वडा नं. ४ र १४ निर्माण गर्न अधिकृत गणेश वहादुर थापाले रु १ करोडको लागत अनुमान बनाएकोमा सो कार्यको यस न.पा.का प्राविधिक इन्जिनियरहरुले रु ९९,९९,९७२।४० को विस्तृत लागत अनुमान तयार गरी मिति २०७७/२/२१ मा पेश गरेकोमा यस कार्यालयबाट मिति २०७७/०२/२२ गतेको दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा नमुना लाइभस्टक एण्ड एग्रीकल्चर सेन्टर निर्माण सम्बन्धि सूचना भनि इच्छुक उपभोक्ता/लाभ ग्राहीहरुलाई आवश्यक कागजात सहित पेश गर्न ७ दिने सूचना प्रकाशन तथा Website मा राख्नुको साथै सूचना पाटीमा टाँस र सम्बन्धित वडा कार्यालयहरुमा सूचना पठाईएकोमा मिति २०७७/२/२८ गते एक मात्र उपभोक्ता समितिले सो सूचना बमोजिम आवश्यक कागजात सहित काम गर्न निवेदन पेश गरेको ।

कार्यालयबाट उक्त कार्यको लागि सार्वजनिक सूचना प्रकाशन भएकोमा एक मात्र उपभोक्ता समितिवाट कार्य गर्न पेश गरेको देखिएकोले सो कार्यको लागि तोकिएको समयावधि भित्र पेश गरेको समितिसँग सम्झौता गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

आगामी आ.व.को वजेट तर्जुमा गर्ने मार्गदर्शन सम्बन्धमा ।

आगामी आ.व.२०७७/०७८ को कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा तपशिल बमोजिमका मार्गदर्शन स्वीकृत गर्ने निर्णय गरियो ।

वडास्तरीय योजना/कार्यक्रम प्रस्ताव गर्दा अपनाउनु पर्ने मार्गदर्शनहरु:-

१. नयाँ सडक निर्माण तथा पुराना सडकको लम्बाई विस्तार भन्दा निर्मित सडकको स्तरोन्नतीको लागि प्राथमिकता दिनु पर्नेछ ।

२. चालु भएका सडक पूर्वाधारको बजेटको कम्तिमा ६० प्रतिशत बजेट स्ट्क्चर निर्माण (मेशिनेरी पर्खाल, जालीभर्ने, पिचिङ गर्ने, ग्राभेल गर्ने नाली निर्माण जस्ता स्थानीय स्तरमा रोजगारी सृर्जना हुने कार्य) गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ ।

३. सडकको विस्तारको कार्यक्रम प्रस्ताव गर्दा सडक Alignment मा पर्ने जग्गा धनीहरुबाट निःशुल्क रुपमा जग्गा उपलब्ध हुने गरी मागकर्ताबाट लिखित सहमति समावेश गर्नु पर्नेछ । साथै कुनै पनि स्थानीय सडक कम्तिमा २० फिट चौडाईको हुनुपर्नेछ र भित्री ग्रामीण सडकको केन्द्रबाट ३ ३ मिटर दायाँ बायाँ विस्तार हुने सुनिश्चितता कायम गर्नु पर्नेछ ।

४. सिचाई कुलोको कार्यक्रम प्रस्ताव गर्दा खेतीयोग्य जमिनको क्षेत्रफल, जमिन बाँझो नरहेको क्षेत्र र कृषकहरुको सक्रिय सहभागिता हुने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ । साथै कम्तीमा ५ प्रतिशत श्रमदानको सुनिश्चितता हुने पर्ने छ ।

५. खानेपानीका योजना प्रस्ताव गर्दा निर्माण सामग्री, दक्ष मिस्त्री बाहेक अन्य कार्य उपभोक्ता समितिबाट हुने सुनिश्चिता हुनु पर्नेछ । साथै उ.स. बाट बढी जनसहभागिता जुटाउने गरी माँग भएको कार्यक्रम/योजनालाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

६. कृषि र पशु विकासको कार्यक्रममा पकेट क्षेत्र तोकी पेश गर्नु पर्नेछ । यी दुवै क्षेत्रको कार्यक्रम कृषि वा पशु विकास शाखाको सहजिकरणमा कार्यान्वयन गरिने छ ।

७. लक्षित कार्यक्रमको प्रस्ताव गर्दा कार्यक्रमको नाम, संचालन गरिने स्थान, लाभान्वित लक्षित घरपरिवार संख्या, अनुमानित लागत सहितको विवरण पेश गर्नु पर्नेछ । लक्षित कार्यक्रमहरु वडा/नगरपालिका मार्फत संचालन गरिने छ ।

८. कार्यक्रम छनौट गर्दा वडा सदस्यको संयोजनमा (वडालाई ४ कलष्टरमा विभाजन गरी) वस्ती स्तरमा सम्वद्ध सरोकारवालाहरुको सामाजिक दुरी कायम गरी सहभागितामा छलफल गराई आयोजना/कार्यक्रमको माग संकलन गर्नु पर्नेछ ।

९. वस्ती स्तरबाट प्रस्तावित आयोजना/कार्यक्रमहरुलाई वडा समिति एवं सरोकारवालाहरुको व्यापक सहभागिता वडास्तरिय आयोजना/कार्यक्रम छनौट गर्नु पर्नेछ ।

१०. कार्यक्रम प्रस्ताव गर्दा विषयगत क्षेत्र समावेश गरेको हुनु पर्ने छ । वडाबाट छनौट भएका आयोजनाहरुको अनिवार्य रुपमा क्षेत्रगत प्राथमिकीकरण गर्नु पर्नेछ । साथै रकम उल्लेख गर्नु पर्नेछ ।

११. प्रशासनिक खर्च, तलब भत्ता, कार्यालय संचालन एवं व्यवस्थापनको लागि न.पा. बाट नै बजेटको व्यवस्थापन गरिने भएकाले यस्ता प्रशासनिक कार्यको लागि रकम प्रस्ताव गर्नु पर्ने छैन ।

१२. चालु आ.व.मा दायित्व रहेको वा विगत देखी भुक्तानी दायित्व रहेको भनि कुनै कार्यक्रम प्रस्ताव गर्न पाईने छैन । रकम प्राप्तीका आधारमा नपुग भई भुक्तानी माग भएका तर भुक्तानी हुन नसक्ने योजनाहरुको १८ नं. प्रमाणित गरी न.पा.ले आगामी आ.व.को रकमबाट भुक्तानीको दायित्व मिलाउनु पर्नेछ ।

१३. वडाबाट गर्न नसकिने प्रकृतिका जटिल संरचना, लागत धैरै हुने, धेरै जनता लाभाविन्त हुने र स्थानीय रोजगारीमा वृद्धि हुने प्रकृतिका कार्यक्रमहरुको अलग सूची संलग्न गरी पेश गर्नु पर्नेछ ।

१४. हरेक कार्यक्रमको चौमासिक कार्यसूची (चौमासिक बजेट विभाजन सहित) वडा कार्यालयबाटै पेश गर्नु पर्नेछ ।

१५. वडा कार्यालयबाट आयोजना/कार्यक्रम सूची नगर कार्यपालिकामा पेश गर्दा वडा समितिको बैठकको निर्णय संलग्न गर्नु पर्नेछ ।

१६. पूर्वाधार निर्माणमा Bio gineering (बायो ईन्जिनियरिङ्ग) को लागि सडक आसपासमा पशु आहारामा सहयोगि हुने घास वा बिरुवा रोप्ने कार्यक्रम समावेश गरेको हुनु पर्नेछ ।

१७. प्रस्तावित सवै कार्यक्रम कार्यान्वयनको लागि कार्यकम बनाउदा कार्यान्वयन प्रकृया समेत खुलाउनु पर्नेछ ।

निर्णय नं. ८

आगामी आ.व.को वजेट शिलिङ्ग सम्वन्धमा ।

आगामी आ.व.को लागि वडाकार्यालहरुबाट कार्यकम बनाई पेश गर्न प्रत्येक वडाहरुलाई ३३ लाखको वजेट शिलिङ्ग उपलव्ध गराउने र स्वीकृत मार्गदर्शनलाई मध्यनजर गरी वडा कार्यालयहरुले आ-आफ्नो वडाको कार्यकम बनाई यही आषाढ ८ गते भित्र नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

आगामी आ.व.मा कन्टिन्जेन्शी रकम कट्टा गर्ने सम्वन्धमा ।

नगरपालिकाले कार्यकम बनाउदा तथा योजनाको रकम भुक्तानी गर्दा कट्टा गर्दै आएको कन्टिजेन्शीलाई आगामी आ.व.मा समेत निरन्तरता दिदैं ३ प्रतिशत सम्म समावेश गरी कट्टा गर्ने गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

आइसोलेसन, आरडिटी र पिसिआर परिक्षण गर्दाको जोखिम भत्ता सम्वन्धमा ।

कोरोना भाइरस रोकथाम, नियन्त्रणको लागि आइसोलेसन, आर्रडिटि र पिसिआर परिक्षणमा परिचालन हुने न्यूनतम जनशक्तिलाई क्रमस १००, ७५ र ७५ प्रतिशत थप सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

भारतवाट फर्किएका मानिसहरुलाई ल्याउने सवारी को भाडा सम्वन्धमा ।

कोभिड -१९ को कारण हाल भारतवाट फर्किने यस न.पा को विभिन्न वडाका व्यक्तिहरुलाई सुर्क्षित रुपमा ल्याई आ-आफ्नै वडामा रहेका क्वारेन्टाइनमा राख्न कपिलवस्तु जिल्लाको कृष्णनगर नाकाबाट झिलिवाङ्ग सम्मको जिप भाडा प्रति ट्रिप रु १० हजार दिने निणर्य गरियो ।

निर्णय नं. १२

विभिन्न योजना तथा कार्यकमको लागि रकम विनियोजन गर्ने सम्वन्धमा ।

निम्न योजना तथा कार्यकमको लागि चालु आ.व.मा कार्यन्वयन हुने गरी कन्टिन्जेन्शी शिर्षकबाट खर्च व्यहोर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

१. वराहदह माघी महोत्सवमा खर्च भएको रकम रु ५००००।- भुक्तानी गर्ने ।

२. मगराकोट मन्दिर दशै सराय नाचमा खर्च भएको रकम रु ३००००।- भुक्तानी गर्ने ।

३. बाटुले युवा क्लव रु २५०००।-

४. वग्रबाजे मो.वा. रु २५०००।-

५. जयकोट टावर मो.वा. रु २५०००।-

६. लामाताल खानेपानी योजना पाईप खरिदको रु ७२०००।- भुक्तानी

७. काउलेखोला खानेपानी मोटर मर्मत रु ५००००।-

८. सानीलेक टावर मो.वा. रु २५०००।-

९. वोहखर ठूलाढुङ्गे वंशागर मोटर बाटो रु २५०००।-

१०. भेडामारे सिमलपानी पावर बाटो रु २५०००।-

११. देउराली घाट पावर मो.वा. रु २५०००।-

१२. कर्णेलघाट सिंचाई कुलो मर्मत रु २५०००।-

१३. खारघाट नयावस्ती सिंचाई कुलो मर्मत रु २५०००।-

१४. बंसारी कुलो मर्मत वडा नं. ५ रु २५०००।-

१५ थामकोट लिफ्ट खानेपानी मोटर मर्मत रु १८०००।-

१६. जाडीखर्क गुरुङ्गवारी मो.वा. रु २५०००।-

**निर्णय नं. १३**

प्रार्थमिक स्वास्थ्य केन्द्र ठाडालाई दिईएको पेश्की रकम सम्वन्धमा ।

आ.व. ०७४/०७५ मा प्राथमिक स्वास्थ्य केन्द्र ठाडालाई विमा कार्यक्रम संचालन सुरु गर्न यस नगरपालिकाले रु ५ लाख सापटी स्वरुप दिएकोमा सो रकम हाल सम्म फिर्ता हुन नसकी पेश्की कायम रहेकोले उक्त रकम प्रार्थमिक स्वास्थ्य केन्द्रलाई अनुदानको रुपमा कायम गरी पेश्की फर्छ्यौट गराउन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**मिति २०७७/२/२२ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. इलाका प्रहरी कार्यालयको खर्च सम्वन्धमा ।

२. कृषि प्रदर्शनी मेलामा भएको खर्चको सम्वन्धमा ।

३. पदाधिकारीहरुको कोरोना भाइरस रोगको विमा सम्वन्धमा ।

४. ल्याब असिस्टेन्ट (चौथो तह) करारमा राख्ने सम्वन्धमा ।

५. कोभिड-१९ व्यवस्थापन सम्वन्धमा ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना स्वीकृत सम्वन्धमा ।

७. I.M.E नेपाल लोक स्टारलाई सहयोग उपलब्ध गराउने सम्वन्धमा ।

८. घाटगद्दी नदीजन्य पदार्थ हटाउने सम्वन्धमा ।

९. वडा मार्फत कृषि कार्यक्रम संचालनको लागि बजेट विनियोजन सम्वन्धमा ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना कार्यान्वयन सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

इलाका प्रहरी कार्यालयको खर्च सम्वन्धमा ।

श्री इलाका प्रहरी कार्यालय ठाडावाट मिति २०७७ ०२ ०२ मा प्राप्त भएको कोभिड - १९ को संक्रमण रोकथाम सम्वन्धि जनचेतनामुलक कार्यक्रमको प्रचार प्रसार तथा परिचालन लगायतको समुदाय प्रहरी साझेदारी कार्य गर्नको लागि पेश भएको अवधारणा पत्रानुसार माग गरिएको रु ५०,०००।- विपद व्यवस्थापन कोषवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २

कृषि प्रदर्शनी मेलामा भएको खर्चको सवन्धमा ।

यसै नगरपालिकाको कृषि शाखामा कार्यरत प्राविधिक सहायक (पाचौ) श्री चन्द्रिका प्रसाद पालले कृषि व्यापार मेला प्रदर्शनी २०७६ मा स्टल राखिएकोमा स्टल निर्माण, किसानलाई पुरस्कार लगायत सो संग सम्वन्धित विभिन्न कार्यमा भएको खर्च रु ५०,०००। (पचास हजार) भुक्तानी माग गरि निवेदन दिएकामा उक्त कार्यमा भएको खर्च रु ५००००।- कन्टिन्जेन्सीवाट सोधभर्ना उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

पदाधिकारीहरुको कोरोना भाइरस रोगको विमा गर्ने सम्वन्धमा ।

यस नगरपालिकाका पदाधिकारीहरु (सम्पूर्ण कार्यपालिका सदस्यहरु र नगरपालिका सदस्यहरु एवं कार्यरत शिक्षक वाहेकका सम्पूर्ण कर्मचारीहरुको रु १,०००००। (एक लाख) सम्मको कोरोना विमा गराउदा लाग्ने रकम नगरपालिकावाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४

ल्याव असिस्टेन्ट (चौथो तह) करारमा राख्ने सम्वन्धमा ।

यस नगरपालिकाका विभिन्न वडास्थित क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको R.D.T\ P.C.R गर्ने संख्या धेरै भएको तर ल्याव सम्वन्धि जनशक्ती दुइ जना मात्र भएकोले मौजुदा जनशक्तिले नभ्याउने देखिएकोले उक्त कार्य सम्पन्न नहुन्जेल सम्मका लागि नगरसभावाट अनुमोदन गर्ने गरी सहायक चौथो तहको ल्याव असिस्टेन्ट करारमा लिने निर्णय गरियो ।

निर्णय नं. ५

कोभिड-१९ व्यवस्थापन सम्वन्धमा ।

कोभिड - १९ व्यवस्थापन सम्वन्धमा भारतवाट आएका शितगंगा वासीहरुलाई सम्वन्धित वडाले निर्माण गरेको क्वारेन्टाइनमा व्यवस्थापन गर्दा भएको खाना खर्च वापत मिति २०७७०२।१५ देखि लागू हुनेगरी प्रति व्यक्ति दैनिक रु १७५ को दरले भुक्तानी गर्ने ।

निर्णय नं. ६

प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना स्वीकृत सम्वन्धमा ।

चालु आ.व. २०७६ ०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत नगरपालिकाको कार्यालय र वडा कार्यालयवाट छनौट भएका तपशिल वमोजिमका योजनाहरु कार्यान्वयनका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | वडा नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सितापुर सुवर्णखाल हल्दे नेटापोखरा मो.वा. | १ | ४५०००० | |
| २ | झिर्रा पाडेरी अदम्बर घोरवास वाणगंगा सडक निर्माण | २ | २,२५,००० | |
| ३ | भुवनपाटा मुलावारि टोल पातालटोल नयागाउ मो.वा. | २ | २,२५,००० | |
| ४ | मुस्लेघाट पदमे खानेपानी योजना | ३ | १५०००० | |
| ४ | साहुटोला खानेपानी योजना | ३ | १५०००० | |
| ५ | मुलखोला कैलासे खानेपानी योजना | ३ | १५०००० | |
| ६ | कोप्चेवास गंगा उपल्लो मरेडघाट पुरानो गाऊ मरेडघाट र भाविनी पदमार्ग | ४ | २,२५,००० | |
| ७ | वडा नं. ४ को शाखा वाटोमा नाली खन्ने कार्य | ४ | २,२५,००० | |
| ८ | पोखरी झाक्रि झक्रेनी मो.वा भुमिकास्थत न.पा. १० मा जोडने | ५ | २,२५,००० | |
| ९ | करापुर करावेशी शि.न.पा. १० मा जोडने वाटो निर्माण | ५ | २,२५,००० | |
| १० | ठुलाढुङग्रे ठाटीचोर मो.वा. निर्माण | ६ | ३,००,००० | |
| ११ | अधिकारी भनभने मोटर मो. वा. निर्माण | ६ | १,५०,००० | |

| | | | | |
|---|---|---|---|---|
| १२ | जलुके पाखाचौर कुलो बाध निर्माण | ७ | २,२५,००० | |
| १३ | फुर्सेकुलो  सिचाई तथा बाध निर्माण | ७ | २,२५,००० | |
| १४ | लाहापेका शाखा बाटामा पक्की नाली | ८ | २००००० | |
| १५ | तिनखण्डे झोलुङ्गेपुल चरिङ्ग मो.वा.मा पक्की नाली निर्माण | ८ | १००००० | |
| १६ | बडिदमार छतिवन वेलौते पक्की नाली निर्माण | ८ | १,५०,००० | |
| १७ | चिउरीथारी देखि तिनखण्डे झोलुङ्गेपुल देखि आँमले दमार गोरेटो बाटो निर्माण | ९ | १००००० | |
| १८ | वसेनी लौरी सिद्धारा नाली तथा गोरेटो बाटो निर्माण | ९ | १५०००० | |
| १९ | नयाँवस्ती सिस्ने पाकुरी बोक्से वराहदह क्षेत्र नाली तथा गोरेटो बाटो निर्माण | ९ | २००००० | |
| २० | शि .न. पा. १० का काठेखोला बाटुले झाम्टेपाटा कुलो तथा बाँध निर्माण | १० | १००००० | |
| २१ | शि. न. पा. १० का  मोटरबाटो निर्माण | १० | ३५०००० | |
| २२ | चाँवेनेटा सिकलदिप जनमुखि आवासिय विद्यालय खर्क गोरेटो बाटो निर्माण | ११ | २२५००० | |
| २३ | फासेल खर्क गोरेटो बाटो निर्माण | ११ | २२५००० | |
| २४ | देउराली घाटदेखि जयकोट पर्यटकिय स्थल जोड्ने गो.वा. निर्माण | १२ | १००००० | |
| २५ | दमार बालज्योती आ.वि देखि खुम्चीकोट खल्याखर्क गो.वा. | १२ | १००००० | |
| २६ | मजुरेडाडा घाट देखि टिक्करी स्कुल जाने गो.वा. | १२ | १००००० | |
| २७ | साहीवासे कुडुले डोहोटे | १२ | १५०००० | |
| २८ | जह्रेखोला बक कृषी सडक निर्माण | १३ | २००००० | |
| २९ | दर्जी टोल लेकाली टोल हुदै वढेर दमार कृषी सडक निर्माण | १३ | १००००० | |
| ३० | डोंडुवा पारे मुसीवाङ मोटर बाटो निर्माण | १३ | १५०००० | |
| ३१ | सुखौरा प्रतिक्षालय मोटर बाटो ,गुरुका थान मन्दिर जाने पदमार्ग | १४ | २००००० | |
| ३२ | मुन्द्रिवास करेचुली बाटो | १४ | २५०००० | |
| ३३ | रातामाटा गल्दा स्कुल सम्म मो.वा. मर्मत सुधार (नगर स्तरीय योजना) | ५ | ५००००० | |
| ३४ | छेडा देखि सानीलेक टावर सम्म जाने बाटो निर्माण (नगर स्तरीय योजना) | १३ | २००००० | |

निर्णय नं. ७

I.M.E नेपाल लोक स्टारलाई सहयोग उपलब्ध गराउने सम्वन्धमा ।

शितगंगा नगरपालिका वाड नं ६ निवासी विष्णु प्रसाद आचार्यको छोरा शुशिल आचार्य I.M.E नेपाल लोक स्टार नामक रियलिटी शो मा सहभागि भई शिर्ष दसौं स्थान भित्र पर्न सफल भएकोले निजलाई यस नगरपालिकाले प्रोत्साहन स्वरुप रु २५०००। (पच्चिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

घाटगद्धी नदीजन्य पदार्थ हटाउने सम्वन्धमा ।

देउखुरी भ्याली क्रसर उद्योग प्रा.लि. गढवा गा.पा. १ टहडा दाङ्ग स्थित क्रेसरले गत वर्ष एस आर सप्लायर्सबाट पूर्व तर्फ वडकापथ सिंचाईको नहर पश्चिममा राप्ती नदीको सिमामा नजिक यस क्रेसरले नदीजन्य सामाग्री (मिस्कट) खरिद गरी घाटगद्धी गरी राखेका त्यो मिस्कट ३११४।०६ घ.मी परिमाण वरावर मिस्कट जिल्ला समन्वय समिति घोराहीले अनुगमन गरी प्रमाणीत गरेको सो मिस्कट शितगंगा नगरपालिकाको क्षेत्रमा रहेकोले पुन रोयल्टी रकम यस नगरपालिकामा बुझाई उठाउन सहज प्रकृया मिलाई दिनु हुन भनि देउखुरी भ्याली कसर उद्योग गढवा १ गा.पा.ले मिति २०७७ २ २० गते निवेदन दिएकोमा जिल्ला समन्वय समितिको कार्यालय दाङ्गको च.नं. ६३२ मिति २०७६ ०९ ०६ को पत्रवाट मिति २०७६/०३/१४ गतेका दिन दाङ्ग जिल्ला समन्वय समितिका प्रमुख श्री जितेन्द्रमान नेपालीको संयोजकत्वमा खटेको टोलीले तँहा क्रसर उद्योग प्रा.लि.ले पूर्व तर्फ वडकापथ सिंचाईको नहर, पश्चिममा राप्ती नदी, उत्तरमा राप्ती नदी र दक्षिणमा सितगंगा न.पा. अ.खा. र गढवा गा.पा. दाङ्गको सिमाना क्षेत्रमा ३११४।६ घन मिटर परिमाण वरावरको मिस्कट घाटगद्धी गरि राखेको अनुगमनबाट देखिएको व्यहोरा अनुरोध छ भनि देउखुरी भ्याली क्रसर उद्योग प्रा.लि.लाई पत्र लेखी यस नगरपालिकालाई बोधार्थ दिएकोमा उक्त गत आ.व.मा ठेकेदार एस आर सप्लायर्सबाट खरिद गरी गढवा र यस न.पा.को सिमानामा रहेको दाङ्ग जिससले अनुगमन गरी प्रमाणीत गरेको ३११४।६ घ.मी नदीजन्य पदार्थ गत आ.व. देखि घाटगद्धी स्थलमा यस नगरपालिकाले रोकी राखेकोले माग बमोजिम सो क्रेसर उद्योगलाई प्रति क्यूफिट रु ३ का दरले रोयल्टी लिई लैजान अनुमती दिने निर्णय गरियो ।

निर्णय नं.९

वडा मार्फत कृषि कार्यक्रम संचालनको लागि वजेट विनियोजन सम्वन्धमा ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसका कारण पाँचौ नगरसभाबाट वडा तर्फ स्वीकृत कार्यक्रमहरु मध्ये मिति २०७६/१२/२२ गतेको कार्यपालिकाको बैठकबाट केही कार्यक्रमहरु हटाई विपद व्यावस्थापन कोषमा जम्मा गरिएकोमा वडा तर्फ कृषि कार्यक्रम संचालनको लागि रकम बिनियोजन भएको तर कार्यक्रम नगरेको कारण कृषि सम्बन्धि कार्यक्रम हटेका तथा नहुने अवस्थामा रहेका तपशिलका वडाहरुको लागि तपशिल बमोजिमको शिर्षकबाट वडा मार्फत कृषि सम्बन्धि कार्यक्रम संचालनको लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

वडा नं. ४   रु १ लाख  (न.पा. तर्फ विभिन्न नर्सरीहरुलाई सहयोग शिर्षकमा रहेको रकमबाट)

वडा नं. ६   रु १ लाख  (न.पा. तर्फ विभिन्न नर्सरीहरुलाई सहयोग शिर्षकमा रहेको रकमबाट)

वडा नं. ७   रु १ लाख  (न.पा. तर्फ विभिन्न नर्सरीहरुलाई सहयोग शिर्षकमा रहेको रकमबाट)

वडा नं. ९   रु १ लाख २० हजार (न.पा. तर्फ विभिन्न नर्सरीहरुलाई सहयोग शिर्षकमा रहेको रकमबाट)

वडा नं. ११  रु १ लाख ६० हजार  (कन्टिन्जेन्शीबाट)

वडा नं. १२  रु १ लाख २० हजार (कन्टिन्जेन्सी रकमबाट)

वडा नं. १४  रु २ लाख  (न.पा. तर्फ विभिन्न फ्रेसहाउस प्रोत्साहान कार्यक्रम शिर्षकमा रहेको रकमबाट)

निर्णय नं.१०

प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना कार्यान्वयन सम्वन्धमा ।

चालु आ.व.मा कार्यान्वयन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगतका योजनाहरु कार्यान्वयनको सन्दर्भमा सो कार्यक्रमको निर्देशिका बमोजिम काम गरेको ज्याला सवै श्रमिकको व्यक्तिगत खातामा जम्मा गर्नु पर्नेमा लकडाउनको कारण सवै मजदुरहरुको खाता खोल्न सम्भव नभएकोले श्रमिकहरुकै भेलाबाट गठन भएको समितिको नाममा खाता खोली श्रमिकले कार्य गरेको रकम सोही खातामा जम्मा गरी दिने र श्रमिकको ज्याला समितिले भुक्तानी दिने व्यवस्था मिलाउने साथै योजनाको लागि आवश्यक पर्ने औजारहरु कार्यालयले खरिद गरी उपलब्ध गराउने र योजनामा आवश्यक पर्ने ल.इ.मा उल्लेखित निर्माण सामाग्रीहरु समितिले आफै स्थानीय वजारमा खरिद गरी भुक्तानी माग गरेपश्चात नगरपालिका तर्फ रहेको उक्त कार्यक्रमको रकमबाट प्राविधिक मुल्याङ्कनका आधारमा खपत भएको निर्माण सामाग्रीको रकम समितिका खातामा उपलब्ध गराउने निर्णय गरियो ।